आज मिति २०७७ साल कार्तिक २४ गते सोमवार दिन विहान ०८ बजे देखि यस मनहरी गाउँपालिकाको कार्यपालिका बैठक गा.पा. अध्यक्ष श्री एकराज उप्रेतीज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थिति सहित वसी देहाय अनुसारको निर्णय गरी सम्पन्न भयो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| १. श्री एकराज उप्रेती | गा.पा अध्यक्ष | अध्यक्ष |
| २. श्री मनिला विष्ट | गा.पा. उपाध्यक्ष | उपाध्यक्ष |
| ३. श्री आनन्द घलान | २ नं.वडा अध्यक्ष | सदस्य |
| ४. श्री गोपिलाल मोक्तान | ६ नं.वडा अध्यक्ष | सदस्य |
| ५. श्री ठाकुरराम तिटुङ | ७ नं.वडा अध्यक्ष | सदस्य |
| ६. श्री दिलबहादुर स्याङतान | ८ नं.वडा अध्यक्ष | सदस्य |
| ७. श्री ध्रुव खड्का | ४ नं.वडा अध्यक्ष | सदस्य |
| ८. श्री विष्णु थिङ | ३ नं.का.बा.वडा अध्यक्ष | सदस्य |
| ९. श्री साधुराम अधिकारी | ९ नं.वडा अध्यक्ष | सदस्य |
| १०. श्री शिव प्रसाद खनाल | १ नं.वडा अध्यक्ष | सदस्य |
| ११. श्री शुभराज थिङ | ५ नं.वडा अध्यक्ष | सदस्य |
| १२. श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य |
| १३. श्री पम्फा रोक्का | महिला सदस्य | सदस्य |
| १४. श्री राधादेवी खकुराल पाठक | महिला सदस्य | सदस्य |
| १५. श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य |
| १६. श्री गीता कुमारी प्रजा | दलित/अल्पसंख्यक सदस्य | सदस्य |
| १७. श्री देवराज चौलागाई | प्रमुख प्रसाशकिय अधिकृत | सचिव |

आमन्त्रित/सहयोगी

| | | |
|---|---|---|
| १. श्री संगिता अधिकारी | लेखा अधिकृत | राजश्व आ.प्र.शाखा प्रमुख |
| २. श्री डिल्लीराज शर्मा | ना.सु | [illegible] शाखा |

मिति २०७७ कार्तिक २४ गते सोमवार बसेको गाउँ कार्यपालिकाको निर्णय

प्रस्तावहरु

१. गतः आश्विन २४ गते बसेको बैठकले गरेको निर्णय कार्यान्वयनको समिक्षा वारे ।
२. विषयगत समितिहरु सकृय हुने बारे ।
३. पक्कि पुल निर्माण ठेक्का अनुमोदन र वातावरणिय अध्ययन गर्ने वारे ।
४. विद्यालयहरुमा मास्क र सावुन व्यवस्था गर्ने वारे ।
५. अनौपचारिक तथा ऐलानी जग्गा लगत संकलन वारे ।
६. वालमैत्री सहजकर्ताहरुको म्याद थप गर्ने वारे ।
७. नगर प्रहरी सम्वन्धी कार्यविधि २०७७ स्वीकृत गर्ने वारे ।
८. शिक्षक सरुवा र नियुक्ती सम्वन्धी कार्यविधि स्वीकृत गर्ने वारे ।
९. विभिन्न Details Project Report र Masters plan भुक्तानी वारे ।
१०. विद्युतिकरण सामान खरिद ठेक्काको नपुग रकम वारे ।
११. गाउँ शिक्षा समितिमा सदस्य मनोनयन गर्ने वारे ।
१२. सेफ हाउस र न्यायिक ईजलास संचालन वारे ।
१३. विविध विषयहरु
    क- योजना संचालन वारे ।
    ख- अनुदान मल वितरण कार्यविधि कार्यान्वयन गर्ने वारे ।
    ग- फुटवल खेल संचालन सहयोग वारे ।
    घ- घ वर्गको निर्माण ब्यवसायी ईजाजत नविकरण वारे ।
    ङ- आर्थिक सहायता अनुमोदन वारे ।

निर्णयहरु

१. यस प्रस्तावमा छलफल गर्दा गत आश्वीन २४ गते सनिवारका दिन बसेको कार्यपालिका बैठकवाट २८ वटा निर्णय गरीएकोमा सो निर्णयहरु कार्यान्वयन भए/नभएको विषयमा ब्यापक छलफल भयो । यसै क्रममा देवकोट खानेपानी योजनाको अवस्था, टोल विकास सस्थाहरुलाई बैधानिक बनाउने, वडा नं. ४ मसिने खानेपानी, वडा नं. ६ को खानेपानी योजना र वडा नं. ९ को खानेपानी योजना संचालमा भएको ढिलासुस्ति हटाउने विषयमा पनि छलफल भयो । यस अघि गरिएका कतिपय निर्णयहरु कार्यान्वयन भैसकेको र कतिपय निर्णयहरु कार्यान्वयन गर्ने क्रममा रहेको पाईएकाले विषयगत लगायतका निर्णय पुस्तिकाहरु ब्यवस्थित रुपमा एकिकृत गरी राख्ने र गाउँपालिकावाट भएका निर्णयहरु समयमै कार्यान्वयन गर्न प्रमुख प्रशासकिय अधिकृतले थप पहल गर्ने ।
२. वित्तीय अनुशासन कायम गर्न आवश्यक सल्लाह, समन्वय र निर्देशन दिन, सार्वजनिक खर्चलाई मितव्ययी, पारदर्शी र प्रभावकारी बनाउन, पालिकाको बेरुजुको अध्ययन गरी, बेरुजु फर्स्योट र न्युनिकरणमा कार्यपालिकालाई आवश्यक सहयोग, समन्वय गर्न तथा आवश्यकता र औचित्यका आधारमा आफ्नो समिति संग सम्वन्धित कुनै विषयमा स्थलगत अध्ययन. अवलोकन समेत गरी सल्लाह, सुझाव, समन्वय एवम् निर्देशन दिने प्रयोजनका लागि आगामी दिनहरुमा कार्यपालिका बैठकमा पेश हुने मुख्य मुख्य विषयहरु सम्वन्धित विषयगत समितिहरुमा समेत छलफल गराउने पद्दतिको अभ्यास



निर्णय प्रमाणित

गर्ने । यस कार्यका लागि प्रमुख प्रशासकिय अधिकृत लगायत शाखा प्रमुखको रुपमा रहेका कर्मचारीहरुले समेत आवश्यकताका आधारमा समन्वय र सहजिकरण गरिदिने ।

३. यस प्रस्तावमा छलफल गर्दा वडा नं.२, ३ र ४ का विभिन्न खोला खहरेहरुमा निर्माण गरिने पक्की (RCC) पुलहरुका लागि प्राप्त भएका बोलपत्रहरु मुल्याङ्कन गरी न्युन मुल्याङ्कित भई सारभुत रुपमा प्रभावग्राहि भनि सिफारिस गरीएका देहाय अनुसारका बोलपत्रहरु स्वीकृतिका लागि मिति २०७७-०७-१३ गते प्रकाशित आसयको सुचना अनुमोदन गर्ने । सो सुचनाको अवधिमा कुनै पनि किसिमको दावि विरोध नआएकाले उल्लेखित बोलपत्ररु स्वीकृत गरी संझौता लगायतका कार्यहरु गर्नका लागि कार्यालयलाई निर्देशन दिने ।

| सि.नं. | ठेक्का नं. | छनौट भएका बोलपत्रदाताको नाम ठेगाना | कामको बिबरण | कबोल अंक( मु.अ.क.सहित) |
|---|---|---|---|---|
| १ | BRIDGE/NCB/MAN-36-2076/077 | HIRACHAN-BANIYA J/V | Thadokhola Bridge | 8,67,05,228.52 |
| २ | BRIDGE/NCB/MAN-37-2076/77 | HIRACHAN-BANIYA J/V | Masinekhola Bridge | 6,59,50,063.51 |
| ३ | BRIDGE/NCB/MAN-38-2076/077 | HIRACHAN-BANIYA J/V | TWANGRAKHOLA Bridge | 6,49,60,839.715 |
| ४ | BRIDGE/NCB/MAN-39-2076/077 | Bhairab-Narayanam-Gyanesh J/V | HADIKHOLA Bridge | 5,35,51,525.675 |
| ५ | BRIDGE/NCB/MAN-40-2076/077 | HIRACHAN-BANIYA J/V | CHYAPALKHOLA Bridge | 6,28,98,158.62 |

माथि पुलहरुको निर्माण स्थलको नियमानुसार गर्नु पर्ने आवश्यक वातावरणीय परिक्षणको कार्य समेत प्रतिस्प्रर्धाका आधारमा स्वीकृत बजेटको सिमा भित्र रहि गराउन आवश्यक प्रकृया कार्यालयले सुरु गर्ने ।

४. यस प्रस्तावमा छलफल गर्दा कोभिड १९ महामारीको सन्दर्भमा विधालयहरुले स्वास्थ्य सम्वन्धी मापदण्ड पुरा गरी संचालन गर्ने र यहि कात्तिक २३ गतेवाट संचालन भएको कक्षा ११ को परीक्षा र मंसिर ०९ गतेवाट संचालन हुने कक्षा १२ को परिक्षालाई नेपाल सरकारले जारी गरेको स्वास्थ्य र सरसफाई सम्वन्धी मापदण्डहरु पुरा गरी संचालन गर्न उत्कृष्ट विधालय, विधार्थी, शिक्षक र विधालय ब्यवस्थापन समितिलाई पुरस्कार (चालु राजश्व बाँडफाँड) शिर्षकवाट तपशिल बमोजिकको स्वास्थ्य सामग्री सोडियम हाईपोक्लोराईड, मास्क र हात धुने सावुन खरिद गरी वितरण गर्ने ।

क. सोडियम हाईपोक्लोराईड १५ लिटर (श्री महेन्द्रज्योति मावि मनहरी ३, श्री महेन्द्रकिरण मावि मनहरी ८ र श्री राष्ट्रिय रोटरी मावि मनहरी ७ लाई ५/५ लिटरका दरले परिक्षा अवधि भरी) ।

ख. हात धुने सावुन ९० दर्जन सवै- सामुहिक विधालयहरुलाई ।

ग. सर्जनिकल मास्क १५० पाकेट सवै- सामुहिक विधालयहरुलाई ।

५. संघीय सरकारवाट भुमि सम्वन्धी समस्या समाधान आयोग गठन आयोग, २०७६ गठन भएको र आयोगले आफ्नो गतिविधिहरु संचालन गरिरहेको सन्दर्भमा सो आयोगवाट भुमि सम्वन्धी ऐन, नियम, कार्यविधि स्वीकृत भै प्राप्त भएपछि सो ब्यवस्थामा उल्लेख गरे बमोजिमको समिति संरचना तयार गरी जग्गा नापजाँच, भुमिहिन सुकुम्वासी र



प्रमाणित

अव्यवस्थित बसोवासीको पहिचान, लगत संकलन र प्रमाणिकरणको प्रकृया तुरुन्त अघि वढाउने ।

सोहि सन्दर्भमा सो आयोगको उद्देश्यलाई सहयोग पुग्ने गरी यस गाउँ पालिकाले गतः आ.ब.२०७६-०७७ देखिनै सार्वजनिक पर्ति जग्गा संरक्षण समिति निर्माण गरी पालिका भित्र रहेका सार्वजनिक पर्ति जग्गाहरुको विवरण संकलन, सिमाङ्कन सम्वन्धी कार्यहरु गर्दै आईरहेकोमा वाँकि केही वडाहरुको विवरण संकलन गरी पहिचान गरीएका सम्पर्ण सार्वजनिक पर्ति जग्गाको अतिक्रमण हटाई सिमाङ्कन गरी संरक्षण गर्ने कार्य अगाडि वढाउन सो समितिलाई सकृय बनाउने ।

६. यस प्रस्तावमा छलफल गर्दा यस गाउँपालिकाकले गत वर्ष घोषणा गरीएको वालमैत्री गाउँपालिका कार्यान्वयनका लागि विभिन्न वडा कार्यालयहरुमा कार्यरत ९ जना वालमैत्री सहजकर्ताहरुलाई चालु आर्थिक वर्षमा समेत विनियोजित बजेटको परिधि भित्र रहि निजहरुले सम्पादन गर्नु पर्ने कामको कार्य विवरण सहित निरन्तरता दिने र निजहरुको कार्य सम्पादन र कार्यप्रभावकारीता मुल्याङ्कनका आधारमा खाजा खर्चमा विनियोजित रकमवाट ब्यहोर्ने गरी दैनिक रु ४५०.०० प्रति ब्यक्तिका दरले २०७७ श्रावण देखि लागु हुने गरी स्वीकृत गर्ने र वडा कार्यालयवाट प्राप्त हाजिरीका आधारमा सो खाजा सुविधा गाउँपालिकाले उपलब्ध गराउने ।

७. यस प्रस्तावमा छलफल गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २(क.१) ले दिएको अधिकार प्रयोग गरी सोहि उपदफा २ अनुसारका कार्यहरु गर्न यस गाउँपालिको नगर प्रहरी भर्ना र परिचालन गर्ने प्रयोजनका लागि प्राप्त नगर प्रहरी संचालन तथा ब्यवस्थापन सम्वन्धी कार्यविधि २०७७ स्वीकृत गर्ने र अन्य ब्यवस्थापकिय कार्यहरु कार्यालयले गर्ने ।

८. यस प्रस्तावमा छलफल गर्दा मिति २०७७-०७-१७ गतेको गाउँ शिक्षा समितिको बैठकले छलफल सहित पारित गरेको शिक्षक ब्यवस्थापन तथा सरुवा सम्बन्धी कार्यविधि, २०७७ लाई स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २(ज.११) ले दिएको अधिकार प्रयोग गरी स्वीकृत गरी लागु गर्ने ।

९. यस प्रस्तावमा छलफल गर्दा कार्य प्रगतिका आधारमा शिद्दकाली मन्दिर, बुद्दशान्ति पार्क बुद्द मुर्ति, टासी फुन्छोयोक छयोइलिङ गुम्वा, रमौली मानेडाँडा सडक, स्वास्थ्य भवन लगायतका Details Project Report र Masters plan लाई प्राविधिक मुल्याङ्कन गरी स्थलगत रुपमा अनुगमन समितिले अध्ययन गरि प्राप्त प्रतिवेदनका आधारमा भुक्तानी गर्ने ।

१०. यस प्रस्तावमा छलफल गर्दा मिति २०७६-०२-१३ मा प्रकाशित ठेक्का नं. २८ अनुसार विधुतिकरण योजनाका लागि सिमेन्ट पोल र तार खरिद गर्ने बोलपत्र प्रकाशन गरीएकोमा सै ठेक्का रु.६० लाखमा कार्य सम्पन्न गर्ने गरी खरिद संझौता भएको । सो कार्यका लागि चालु आ.ब.मा रु.५० लाख मात्र विनियोजन भएकाले नपुग रु. १० लाख गत वर्षको भुक्तानी दिन वाँकि शिर्षकवाट थप विनियोजन गरी बोलपत्रमा उल्लेखित सामग्रीहरु प्राप्त भएका आधारमा नियमानुसार भुक्तानी गर्ने ।



प्रमाणित

एकराज

११.यस प्रस्तावमा छलफल गर्दा गाउँ शिक्षा समितिको तपशिलका मनोनित सदस्यहरुको पदावधिको म्याद सकिएकै मिति देखि लागु हुने गरी दुई वर्षका लागि म्याद थप गर्ने र सोको जानकारी पत्र गाउँपालिकाले सम्वन्धित पदाधिकारीहरुलाई उपलब्ध गराउने।

क. गाउँ कार्यपालिकाले तोकेको सभाका सदस्यहरु मध्येवाट(एकजना महिला सहित दुईजना) श्री उमा नेपाली र श्री पुस्कर सुवेदी ।

ख. समावेशी तथा शिक्षाप्रेमीहरु मध्येवाट(एकजना महिला सहित दुईजना) श्री विमला वि.क. र श्री शिव कुमार रिजाल कासी र श्री भिमलाल रुम्वा ।

ग. विधालय ब्यवस्थापन समितिका अध्यक्षहरु मध्येवाट- सालिकराम वाँनिया(राष्ट्रिय रोटरी मावि मनहरी ७) ।

घ. सामुदायिक तथा संस्थागत विधालयहरुका प्र.अ.हरु मध्येवाट श्री महेश कुमार रिजाल(भोजशिद्द मावि मनहरी ५ र श्री अशोक भण्डारी युनाईटेड वोर्डिङ स्कुल मनहरी ८) ।

१२.यस प्रस्तावमा छलफल गर्दा चालु वर्षमा सेफ हाउस संचालनका लागि वडा नं. ३ लामिटारमा अवस्थित न्यायिक समितिको भवन भएको स्थानमा विनियोजित रु. १५ लाखमा सेफ हाउस निर्माण गर्न उपभोक्ता समिति संग भएको संझौताको म्याद सकिएकाले सकिएको अवधि देखि नियमानुसार प्राविधिक सिफारिसको आधारमा म्याद थप गरी कार्य गर्ने । सेफहाउस ईन्चार्ज मौजुदा स्थायी कर्माचारीहरु मध्येवाट कार्यालयले खटाउने । सो स्थानमा कार्यालयका निर्माण सामग्रीहरु समेत भण्डारण गरीएकाले अर्को ब्यवस्था नभएसम्म स्वीकृत बजेटको अधिनमा रहि चौकिदार र कार्यालय सहयोगि तथा न्यायिक ईजलास संचालन सहयोगिको रुपमा सहायक पाँचौ स्तरको कानुनी सहजकर्ता समेत स्वच्छ छवि भएको र काम प्रति निष्ठावान ईमान्दार/अनुभवि ब्यक्तिहलाई सुचना प्रकाशन गरी प्रतिस्प्रर्धाका आधारमा २०७८ आषाढ मसान्त सम्मका लागि छनौट गरी करार सेवामा लिने ।

१३.यस प्रस्तावमा छलफल गर्दा देहाय बमोजिम गर्ने ।

क. देहायको रकममा नवढने गरी कार्यालयले गरेको लागत अनुमानको आधारमा नियमानुसारको प्रकृया अनुसार कार्य गरी प्राप्त विल भरपाई, प्राविधिकको नापि किताव र कार्य सम्पन्न प्रतिवेदनको आधारमा अनुगमन समितिले अनुगमन गरी निम्नानुसारका योजनाहरु खर्च अनुमोदन/भुक्तानी गर्ने ।

| सि.न. | योजनाको नाम ठेगाना | कामको विवरण | बजेट सिमा | भुक्तानीको श्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | ठाडोखोला झुल्यान बस्ती बचाउ योजना मनहरी २ | बस्ती संरक्षण | १० लाख | भैपरी पुँजिगत | |
| २ | सिम्पानी देवकोट मोटर वाटो मर्मत मनहरी ८ | सडक मर्मत | ५ लाख | भैपरी पुँजिगत | |
| ३ | पोलाघारी लोथर फरिवाङ रुपाचुरी ग्रामिण सडक मनहरी ६ | पहिरो सफा गर्ने | २ लाख | भैपरी पुँजिगत | रकम नपुग भएकाले थप गरीएको |
| ४ | थोपा सिंचाई योजना मनहरी १ | पम्प लगायत | ३ लाख | मर्मत संभार कोष | पुरानो पम्प फिर्ता गर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | कौगेडी दलित वस्ती वाटो मर्मत मनहरी ३ | हयुम हाल्ने पाईप समेत | १.५ लाख | मर्मत संभार कोष | |

ख. नेपाल सरकार मन्त्रिपरिषदको मिति भाद्र १ गते स्वीकृत अनुदानको मल ब्यवस्थापन निर्देशिका २०७७ ले विगतमा डिलर लिई कारोवार गर्दै आईरहेका सहकारी संस्थाहरुको डिलसिप खारेज हुने र सो डिलरको छनौट कार्य स्थानीय तहमा गठित स्थानीय समितिको सिफारिसमा नयाँ डिलरसिप कायम गरी कार्य संचालन गर्नु पर्ने तथा चाँडैनै गहुँ, आलु, तरकारी लगायतका हिँउदे वाली सुरु हुने हुँदा अविलम्व कृषि सहकारी संस्थालाई सिफारिस गरी पठाईदिने भनि जिल्ला समन्वय समितिवाट अनुरोध भै आएकाले प्राप्त निर्देशिका अनुसार गाउँपालिकाको कृषि शाखाको सहजिकरणमा आवश्यक प्रकृया पुरा गरी १५ दिन भित्र डिलसिपका लागि सहकारी संस्थाहरुको छनौट गरी कृषि सामग्री कम्पनी लिमिटेड हेटौडामा पठाउने ।

ग. सहिद पृतम रुम्वा स्मृतिमा संचालित फुटवल खेल कार्यक्रमलाई आवश्यक सहयोगका लागि गाउँ खेलकुद विकास समितिले समेत सिफारिस गरेको आधारमा गाउँपालिकाको खेलकुद विकास कार्यक्रम तथा ब्यवस्थापन चालु शिर्षकवाट रु. पचास हजार नियमानुसार उपलब्ध गराउने ।

घ. घ वर्गको निर्माण ब्यवसायो प्रमाणपत्र नविकरण २०७७ आश्विन मसान्त भित्र गराउनु पर्ने कानुनी ब्यवस्था भएकोमा चालु आ.ब.मा विश्व ब्यापी रुपमा फैलिएको कोभिड १९ का कारण भएको लकडाउनले गर्दा कार्यालय शिल भएका कारण तोकिएको अवधिमा सो प्रमाणपत्र नविकरण गर्न असहज भएकाले नविकरण म्याद २०७७ कात्तिक मसान्त सम्म थप गरी सो को सार्वजनिक सुचना प्रकाशित गर्ने।

ङ. देहाय अनुसारका ब्यक्तिहरुलाई सम्वन्धित काजगातहरु तथा वडा कार्यालयवाट भएको सिफारिस समेतको आधारमा स्वास्थ्य उपचार तथा मृतकहरुका लागि आर्थिक सहायता तथा चन्दा शिर्षकमा विनियोजित चालु बजेटवाट प्रदान गर्ने ।

| सि.नं. | वडा नं. | नाम थर | विषय | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | मनहरी ९ | मेनुका विक | उपचार | १०,०००.०० | |
| २ | मनहरी १ | रिता गोले | उपचार | १०,०००.०० | |
| ३ | मनहरी ७ | बलराम लामगोद | मुटुरोगी | १०,०००.०० | |
| ४ | मनहरी ६ | पदम बहादुर प्रजा | मृत्यु भएको | १०,०००.०० | |
| ५ | मनहरी ९ | सुनिता सुनार | मृत्यु भएको | १०,०००.०० | |
| ६ | मनहरी ५ | डम्मर लामा | गंभिर घाईते | १०,०००.०० | |

उपरोक्त निर्णय सर्वसम्मति रुपमा गर्दै आजको बैठक सम्पन्न भयो ।

अध्यक्ष